आज मिति २०८२/०६/०५ गतेको दिन बिहान ९:३० बजे यस ब्रह्मपुरी गाउँ कार्यपालिका प्रमुख श्री राम पदारथ साह तेलि ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न अनुसारको पदाधिकारिको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष श्री राम पदारथ साह तेली | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष श्री श्यामकला यादव | सदस्य |
| ३. | वडा नं. १ अध्यक्ष श्री निरन्जन प्रसाद कलवार | सदस्य |
| ४. | वडा नं. २ अध्यक्ष श्री शंकर साह | सदस्य |
| ५. | वडा नं. ३ अध्यक्ष श्री गौतम कुमार यादव | सदस्य |
| ६. | वडा नं. ४ अध्यक्ष श्री श्यामा बाबु साह | सदस्य |
| ७. | वडा नं. ५ अध्यक्ष श्री नबिन कुमार यादव | सदस्य |
| ८. | वडा नं. ६ अध्यक्ष श्री हिरेन्द्र कुमार यादव | सदस्य |
| ९. | वडा नं. ७ अध्यक्ष श्री राम सागर महतो कोइरी | सदस्य |
| १०. | का. स. श्री दिना कुमारी देवी | सदस्य |
| ११. | का. स. श्री दशरथ साह कानु | सदस्य |
| १२. | का. स. श्री पल्टु माझी | सदस्य |
| १३. | का. स. श्री रेखा कुमारी महतो | सदस्य |
| १४. | का. स. श्री शिव दुलारी देवी | सदस्य |
| १५. | का. स. श्री शान्ति देवी | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत श्री उपेन्द्र राउत | सदस्य सचिव |

प्रस्ताव नं.१ जिम्मेवारी सम्बन्धमा।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा २०८२ साल श्रावण महिनादेखि नै यस ब्रह्मपुरी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत विहिन रही आएको र सोही अवधिमा देशव्यापी रूपमा सञ्चालनमा रहेको "जेन जी आन्दोलन" का कारण प्रशासनिक प्रक्रिया समेत अवरुद्ध भई आएको छ। यस परिस्थितिले गर्दा पालिकाको सम्पूर्ण दैनिक प्रशासनिक तथा आर्थिक कामकाज प्रभावित भएको छ ।यसैबीच दशैंजस्ता महत्वपूर्ण पर्व नजिक आइपुगेको तथा यस कार्यालय अन्तर्गत कार्यरत कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मीहरूलाई श्रावण महिनादेखि नै तलब भत्ता उपलब्ध हुन नसकेको, साथै पालिकामा बसोबास गर्ने जेष्ठ नागरिकहरूले सामाजिक सुरक्षा भत्ता पाउन नसकेको अवस्थाले थप जटिलता सिर्जना गरेको छ ।यस कारण, कर्मचारी तथा जेष्ठ नागरिकलाई समयमा तलब-भत्ता तथा सामाजिक सुरक्षा भत्ता उपलब्ध गर्नुपर्ने अपरिहार्य आवश्यकता भएको हुँदा यस ब्रह्मपुरी गाउँपालिकामा कार्यरत जनस्वास्थ्य अधिकृत (सातौं तह) श्री उपेन्द्र राउत (क.सं.नं.१६७०००, पूर्व प्रशासकीय अधिकृत) लाई आर्थिक तथा प्रशासनिक कामकाजको जिम्मेवारी दिनको लागी सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।